बढुवाद्वारा पदपुर्ति सम्बन्धी सुचना

(प्रकाशन मिति :२०८३/०७/१३ गते शुक्रवार)

फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड दुहवी,सुनसरीले आ.व. २०८३/०८४ मा स्वीकृत दरबन्दी मध्ये १५५ जनालाई कार्य सम्पादन मुल्यांकन र आन्तरिक प्रतिस्पर्धाबाट पदपुर्ति गरिने निर्णय भएको हुनाले यस वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुले आन्तरिक बढुवामा सहभागी हुन चाहेमा आवश्यक योग्यता तथा कार्य अनुभव पुगेका कर्मचारीहरुले कार्यसम्पादन मुल्यांकनबाट वा आन्तरिक प्रतिस्पर्धाबाट बढुवा हुन चाहेको हो सो कुरा आवेदन फारममा प्रष्ट खलाएर रितपुर्वक आवेदन फारम भरी मिति २०८३/०८/१७ गते विहिवार सम्म कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी, सुनसरीमा आई पुग्ने गरी पठाउन हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

विज्ञापन नम्बर	पद	कार्य सम्पादन मुल्यांकन तर्फ	आन्तरिक प्रतिस्पर्धा तर्फ	जम्मा बढुवा हुने पद संख्या
१/२०८३/०८४	मुख्य प्रबन्धक	१	-	१
२/२०८३/०८४	बरिष्ठ प्रबन्धक	१	-	१
३/२०८३/०८४	प्रबन्धक	१	१	२
४/२०८३/०८४	सहायक प्रबन्धक	२	१	३
५/२०८३/०८४	बरिष्ठ अधिकृत	१	१	२
६/२०८३/०८४	अधिकृत	३	१	४
७/२०८३/०८४	सहायक अधिकृत	६	४	१०
८/२०८३/०८४	बरिष्ठ सहायक	२३	१५	३८
९/२०८३/०८४	सहायक	४७	३१	७८
१०/२०८३/०८४	चालक	१	-	१
११/२०८३/०८४	बरिष्ठ वाहक	५	-	५
१२/२०८३/०८४	वाहक	१०	-	१०
जम्मा		**१०१**	**५४**	**१५५**

बढुवाका सम्बन्धमा थप जानकारी :

१) बढुवाको लागि उम्मेदवार हुन एक तह मुनिको पदमा देहाय बमोजिम स्थाई सेवा अवधि पुरा गरेको हुनु पर्नेछ ।

(क) व्यवस्थापकीय तथा अधिकृत श्रेणीको पदमा बढुवा हुनको लागि क्रमशः तीन र दुई वर्ष ,

(ख) सहायक तथा सहयोगी श्रेणीका पदमा बढुवा हुनको लागि दुई वर्ष ,

(२) बढुवामा सहभागी हुने कर्मचारीहरुले थप देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्दछ ।

पद	आवश्यक शैक्षिक गोग्यता
मुख्य प्रबन्धक	स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको
बरिष्ठ प्रबन्धक	स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको
प्रबन्धक	स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको
सहायक प्रबन्धक	स्नातक/CA वा सो सरहको परीक्षा उत्तीर्ण भएको
बरिष्ठ अधिकृत	स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको
अधिकृत	स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको
सहायक अधिकृत	स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको
बरिष्ठ सहायक	प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको
सहायक	प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको

(३) उपरोक्त (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए ता पनि देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन :

FORWARD

(क) निलम्बन भएकोमा निलम्बन रहेको अवधिभर ,

(ख) बढुवा रोक्का भएकोमा सो अवधिभर,

(ग) हालको पदमा नसिहत पाएको भए नसिहत पाएको मितिले एक वर्ष सम्म,

(घ) तलब वृद्धि रोक्का वा तलब घटुवा गरिएकोमा त्यसरी रोक्का वा घटुवा गरेको मितिले एक वर्ष सम्म, साथै गएल भएको अवधिलाई जेष्ठताक्रममा गणना गरिने छैन

(४) आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :

(क) शैक्षिक योग्यता प्रमाण पत्रहरुको प्रतिलिपी (एस.एल.सी.भन्दा माथि)

(ख) बिदेशी बोर्ड तथा विश्व बिद्यालयबाट परीक्षा उत्तीर्ण गरेका उम्मेदवारहरुले समकक्षताको प्रमाण पत्रको प्रतिलिपी

(ग) नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

(घ) तालिम तथा अनुभवका प्रमाण पत्रहरु

(ङ) प्रमाणित गरिएका सम्पूर्ण प्रमाणपत्रहरुमा आवेदकले सक्कल बमोजिम नक्कल ठीक छ भनी लेखी अगाडीको भागमा हस्ताक्षर गरी पठाउँनु पर्ने छ ।

(५) अन्य जानकारीहरु :

(क) प्राप्त भएका निवेदनहरु मध्ये छनौटमा परेका आवेदकहरुलाई मात्र लिखित र मौखिक परीक्षामा समावेश गरिनेछ र छनौट सुचि प्रकाशित भएको सुचना तथा थप जानकारी यस संस्थाको वेबसाईट https://forwardmfbank.com.np/careers बाट प्राप्त गर्न सकिने छ ।

(ख) उल्लेखित सबै पदहरुको लागि यस वित्तीय संस्थामा कार्यरत अवधि सम्ममा कुनै किसिमको विभागीय कार्यवाहीमा नपरेको कर्मचारी हुनु पर्ने छ ।

(ग) आवेदन फारम बुझाउने स्थान :परीक्षाको आवेदन फारम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी, सुनसरी र सम्पुर्ण प्रदेश कार्यालय र सो अन्तर्गतको स्टेशन कार्यालयहरु वा वित्तीय संस्थाको email : Vacancy@forwardmfbank.com.np मार्फत पेश गर्न सकिनेछ ।

(६) आवेदन फारम दस्तुर : आन्तरिक प्रतिस्पर्धा परीक्षामा सहभागी हुन छनौटमा परेको कर्मचारीले प्रबन्धक स्तरको रु.९००/-, अधिकृत स्तरको रु.८००/- र सहायक स्तरको लागि रु.७००/- मात्र परीक्षा दस्तुर वापत यस वित्तीय संस्थाको एभरेष्ट बैंकको दुहवी शाखाको खाता नं.००९००१०५२००४०५ मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर आवेदन साथ संलग्न गर्नु पर्ने छ ।

पदपूर्ति समिति

फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
दुहवी, सुनसरी